भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

मानिसहरु पर्सा जिल्लाको क्वारेन्टाईनमा

तस्बिर: क्रान्ती शाह

स्रोत: https://covid19.mohp.gov.np/#/

क्वारेन्टाईन सञ्चालन गर्न पालना गर्नु पर्ने न्युनतम मापदण्ड

- प्रति सय जनाका लागि स्वास्थ्य सुरक्षा सामाग्री सहित एक चिकित्सक (on site / on call), एक नर्स र एक प्यारामेडिक हुनुपन
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती तथा दिर्घ रोगीलाई आवश्यकता अनुसार खानाको व्यवस्था
- शौचालय सहितको कोठा र सो नभए न्युनतम प्रतिकोठा अधिकतम तिन जनाको दरले छ जनाका लागि एउटा साझा शौचालय र स्नान गृह भएका
- ओढ्ने ओछ्याउने र आवश्यकता अनुसार झुल सहितको खाट
- मनोपरामर्श सेवा
- स्वस्थ खाना र शुद्ध पिउने पानीको व्यवस्था
- नुहाउन तथा कपडा धुनको लागि पानी र साबुनको व्यवस्था
- विद्युत, टेलिफोन लगायतका आधारभूत सेवा
- नियमित सरसफाइ

हरेक दिन क्वारेन्टाईनबाट मान्छेहरु भाग्ने क्रम बढिरहेको छ । त्यहाँ बस्न तोकिएको मापदण्ड बमोजिम सुविधा भएन भन्ने गुनासो पनि आईरहेको छ । सरकारले क्वारेन्टाईन व्यवस्थापन र अनुगमन तथा निगरानीको ठुलो रकम पनि छुट्याएको छ। सम्बन्धीत पक्षले यसको कार्यान्वयनमा जोड दिन आवश्यक छ ।

स्रोत: https://drive.google.com/file/d/1O_QiNdqn6LyDuwktrgJ983v9jtEaNszl/view

हल्ला र तथ्य

ठुला व्यापारिले सिफरिस गरेको भरमा उद्योग विभागले जथाभावि आवत जावत गर्न सिफरिस गर्छ रे । उद्योगमा काम गर्ने मज्दुरलाई त सिफरिस नै दिन्न रे ।

उद्योग प्रतिष्ठानको कर्पोरेट अफिसमा काम गर्ने उद्योगी तथा कर्मचारीको कुल संख्याको एक चौथाई नबढ्ने गरी उद्योग वाणिज्य क्षेत्रका छाता संगठनहरुले उद्योग विभागलाई सिफारिस गर्न सक्नेछन् । सञ्चालन गर्न तोकिएका उद्योग बाहेक अन्य उद्योग वा व्यापारिक फर्मलाई भने सिफारिस गर्न पाईने छैन । तोकिएका उद्योग प्रतिष्ठानमा कार्यरत मजदुरको लागि दैनिक आवत जावत गर्न पनि सिफारिस गर्न पाईने छैन । उनिहरुको लागि सम्बन्धीत उद्योग प्रतिष्ठानले सरकारले तोकेको मापदण्ड बमोजिम भित्रै खाने बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

स्रोत: https://www.doind.gov.np/index.php/notice/315-2020-05-17-04-21-35

विभिन्न सञ्चार माध्यमले कोरोनाका बिरामीको उपचारमा खटिएका स्वास्थ्यकर्मीले बिरामीको बारेमा विवरण दिदैनन् भन्ने गुनासो गरिरहेकाछन् ।

चिकित्सकले उपचार गर्दा सम्मान पूर्वक गोपनियताको हकलाई सुनिश्चित गर्दै मेडिकल ईथिक्सको पूर्ण रुपमा पालना गर्नुपर्दछ । बिरामीको सम्पूर्ण सूचना तथा अभिलेख चुस्त दुरुस्त र सुरक्षित राख्नु पर्दछ । सबै सूचनाहरु तोकिएको व्यक्तिले मात्र सम्प्रषण गर्नु पर्दछ । त्यसैले चिकित्सकले परिवारका सदस्य बाहेक अन्य कसैलाई पनि विवरण खुलाउन मिल्दैन ।

स्रोत: https://drive.google.com/file/d/1GavLiOpTqgDYTxsr_vY8jFLLtKrj_gzZ/view

कोरोनाका कारण राजस्व संकलनमा भारी गिरावट आएका कारण त्यसको पुर्ती गर्न सरकारले भारी कर बढाउँदा भारी मुल्य बृद्धि हुन्छ भन्छन् ।

हाल सम्म प्राप्त अनुमानको अध्ययन गर्दा आगामी आर्थिक वर्षमा आधारभुत मुल्यमा २.२७ प्रतिशत बृद्धि हुने आँकडा केन्द्रिय तथ्यांक विभागले निकालेको छ ।

स्रोत: https://cbs.gov.np/wp-content/upLoads/2020/04/CBS-GDP-Press-Release-2077-1-17-new.pdf

कोरोना भाइरस संक्रमित बिरामीको सम्पर्कमा आएका व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ गर्ने कुनै समयावधी छैन ?

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले त्यस्ता व्यक्तिको पहिचान गर्न बनाएको खोज पड्ताल टोलीले सात दिनको अन्तरालमा सबै कन्ट्याक्टहरुको फलोअप गरी सोको जानकारी तोकिएको फारममा अधावधिक गरी सक्नु पर्दछ । त्यसको लागि सबै कन्ट्याक्टहरुलाई सम्भव भएसम्म प्रत्यक्ष भेटेर, नभए फोन मार्फत अन्तरवार्ता लिएर विवरण लिईसकेपछी उनिहरुलाई क्वारेन्टाईनमा राख्नु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1Sv2UHmYej_9sDp_yzBlOfXpPLPcE22C8/view

सूचनाका स्रोतहरु

- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोरोना कोष सञ्चालन निर्देशिका, २०७६
- कोभिड(१९ को अवस्थाअ
- कृषि तथा पशुपंछी विकास मन्त्रालय
- आइ.ओ.एम.
- सुरक्षित हुन के गर्ने
- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

accountabilitylab NEPAL

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५,००,००० नेपाली	३८,८६२ नेपाली
५४,७५२ संक्रमित	१४,८५० संक्रमित	६,९३० संक्रमित	३२,६०४ संक्रमित	२३,३५८ संक्रमित	५,१८६ संक्रमित	६,८९४ संक्रमित	११,०६५ संक्रमित
५७४ नेपाली संक्रमित	८४ नेपाली संक्रमित	२६१ नेपाली संक्रमित	१,६०० नेपाली संक्रमित	१८५ नेपाली संक्रमित		४९ नेपाली संक्रमित	

स्रोत: https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

स्रोत: https://coronavirus.jhu.edu/map.html

स्रोत: https://www.covid19.nrna.org.np/

ShramikSanjal

यु.ए.ई. र कतारमा कसुर र जरिवाना सम्बन्धी नियम:

यु.ए.ई.:

दुबईमा मे २० देखी लागु हुने गरी बेलुका १० बजे देखी बिहान ६ बजेसम्मको स्टेरीलाईजेसनको कार्यक्रमलाई बेलुका ८ बजे देखी बिहान ६ बजेसम्मको लागि तय गरिएको छ ।

यु.ए.ई.मा अहिलेको अवस्थामा घोषणा गरिएको कसुर अनुसारको जरिवानाको विवरण यस्तो छ:

फेस मास्क प्रयोग नगरी बाहिर हिड्डुल गरेमा १,००० दिरहाम

कसैले कुनै पार्टी, भोज या जमघटको आयोजना गरेमा १०,००० दिरहाम

कुनै पार्टी, भोज या जमघटमा सहभागी हुन गएमा ५,००० दिरहाम

प्रतिबन्धित समयमा (बेलुका ८ बजे दखी बिहान ६ बजेसम्म) बिना अनुपती पत्र यात्रा गरेमा ३,००० दिरहाम

रेस्टुरेण्ट, सपिङ मल लगायतका सार्वजनिक ठाउँहरुमा २ मिटरको दुरी कायम नगरेमा ३ दिरहाम

काम गर्ने ठाउँमा (अफिस) मास्क नलगाएमा ५०० दिरहाम

काम गर्ने ठाउँमा मास्क नलगाएमा कम्पनिलाई ५००० दिरहाम

जसले कोभिड - १९ को ट्रेसिङ मोवाईल एप ईन्स्टल गर्न मान्दैन वा ईन्स्टल गरेको मोबाईल एपलाई बिगार्छ उसले पनि ठूलो मात्रामा जरिवाना तिर्नु पर्नेछ।

कतार:

- जुनसुकै कारणले घर बाहिर निस्कदा कतारका बासिन्दाहरुले आफ्नो स्मार्टफोनमा एहतराज (Ehteraz) एप प्रयोग गर्नु पर्नेछ । यो निर्णय २२ मे २०२० देखि लागू हुनेछ ।
- ट्याक्सीमा २ जना र निजि सवारी साधनमा ३ जना मात्र यात्रा गर्न पाईनेछ । यो नियम १९ मे देखीनै लागू भएको छ ।

कतार सरकारले लागु गरेका नियम तोडेमा ३ वर्ष जेल सजाय र दुई लाख सम्मको जरिवाना वा दुई मध्ये एक सजाय हुनेछ ।

accountabilitylab NEPAL

$ फलो द मनी

संघिय सरकार

जम्मा | खर्च

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब १ अर्व ८ करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

दाता

ए.डि.बि.
करिव ७ अर्व २० करोड

विश्व बैंक
करिव ३ अर्व ४८ करोड

आई.एम.एफ.
करिव १३ अर्व ९ करोड

युरोपियन युनियन
करिव ९ अर्व ८० करोड

प्रदेश २

कोभिड - १९ रोकथाम, नियन्त्रण तथा उपचारको लागि जम्मा बजेट निकासा

अस्पताल, औषधी तथा उपकरण
रु. ८१,७९,४३,७८०

जिल्ला / प्रदेश विपद व्यवस्थापन कोष
रु. ६,००,००,०००

सुरक्षा (कारागार कैदी सुरक्षा सहित)
रु. ४,४५,००,०००

मन्त्रालय (कोरोना रोकथाम सम्बन्धी कार्य)
रु. ४,९१,३१,०००

राहत वितरण - १३६ स्थानीय पालिका मार्फत
रु. ३३,७०,००,०००

प्रदेश कोष सञ्चालन
रु. २५,०३,२८,०१०

खनेपानी तथा सरसफाई
रु. १,००,००,०००

मृतक पत्रकारलाई सहयोग
रु. ५०,००,०००

कृषि ब्याजमा ऋण राहत
रु. ३६,००,००,०००

जम्मा बजेट निकासा
रु. १,९३,३९,०२,७९०

स्रोत: https://docs.google.com/viewerng/viewer?url=http://www.moeap.p2.gov.np/sites/moeap/files/2020-04/COVID+बजेट.docx

नोट: यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो। थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

accountabilitylab NEPAL

कोभिड - १९, दक्षिण एसिया र यसको प्रभाव

- बसन्त अधिकारी
सामाजिक अभियन्ता
बिराटनगर

सार्क देशले संसारको भूभागको ३.५% मात्र ओगटे पनि यसले एसियाको ४०% र संसारभरिको २४% जनसंख्या धारण गरेको छ ।



साक्षरता

भुटान	नेपाल	पाकिस्तान	अफगानिस्तान
६०%	६७.९%	५५.३%	३२%
बंगलादेश	त	मालदिभ्स	भारत
७२.८९%	९१.७%	९८.६१%	६९.१%

साक्षरताको प्रतिशत काम भएकोले यस क्षेत्रको मानिसहरुको चेतनाको स्तर लाइ उजागर गर्दछ ।

अफगानिस्तानमा ४२% जनसंख्याया गरिबीको रेखा मुनी छन् भने, पाकिस्तानमा २४%, नेपालमा र बंगलादेशमा २१% तथा भारतमा १७% मानिसहरु अझै पनि गरिबीको रेखा मुनी बाच्न बाध्य छन् ।

यस क्षेत्रका अधिकांश मानिसहरु (भारत ८१%, अफगानिस्तान ८१%, बंगलादेश ८०%, पाकिस्तान ७०%, नेपाल ६१.२%, श्रीलंका ६०.८%) जनता अहिले पनि अनौपचारिक क्षेत्रमा काम गर्ने गर्दछन् ।

पाकिस्तानका ८० लाख, बंगलादेश १ करोड, भारतका ३ करोड, नेपाल र अफगानिस्तानका झन्डै ४० लाख जनताले आफ्नो देशमा रेमिट्यान्सको पैसा पठाई रहेको अवस्था छ ।

यहाँसम्म कि नेपालको २८% तथा अफगानिस्तानको १६% कुल ग्राहस्थ उत्पादन रेमिट्यान्सले नै धानेको छ भने, भारतले ७८, पाकिस्तानले २२, बंगलादेशले १६.४ र नेपालले झन्डै ८ बिलियन डलर यसै स्रोतबाट प्राप्त गर्ने कुराले यी देशहरुको अर्थतन्त्रमा रेमिट्यान्सको महत्वलाई दर्साउँछ ।

आर्थिक स्वतन्त्रता श्रेणीकरण

६३	भारत
८९	भुटान
९४	नेपाल
९४	पाकिस्तान
९९	श्रीलंका
१४७	मालदिभ्स
१६८	बंगलादेश
१७३	अफगानिस्तान

accountabilitylab NEPAL

सही सूचना

कन्ट्याक्ट ट्रेसिङ प्रभावकारी रुपमा भईरहेको छैन। के हामी कोभिड - १९ को अर्को भयावह चरणको पर्खाइमा छौं ?

उपचारार्थ कोभिड - १९ का बिरामी र जम्मा संक्रमितको संख्या



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुशरण गरेको कोभिड - १९ बाट संक्रमित बिरामीको पहिचान सम्बन्धी विश्व स्वास्थ्य संगठनको केश निगरानीको परिभाषा अनुसार, संक्रमण पुष्टि भएको व्यक्ति वा १४ दिन भित्र सम्भावित संक्रमितको सम्पर्कमा आएको जो कोही व्यक्तिलाई सम्भावित संक्रमित मान्नु पर्दछ ।

माथिको ग्राफले १० दिनको अवधीमा कोभिड - १९ बाट संक्रमितको संख्या तिन गुणाले बढे पनि शंकापदको संख्यामा स्थिर छ भन्ने देखाउँछ । यसले सम्बन्धीत निकायले कन्ट्याक्ट ट्रेसिङ प्रती एकदमै कम ध्यान दिएको देखिन्छ । मे २० देखी सम्भावित संक्रमितको संख्या पनि सार्वजनिक गरेको देखिदैन । यसले के संकेत गर्छ भने, कि सरकार प्रभावकारी रुपमा कन्ट्याक्ट ट्रेसिङ गर्न सकिरहेको छैन, या त उसले तथ्यांक संकलन र सार्वजनिकिकरणलाई त्यती वास्ता गरेको छैन ।

स्रोत: HEOC, MoHP, SitRep

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219